# आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको

दोश्रो बार्षिक साधारण सभाको

**निर्णय अभिलेख (माइन्यूट)**

१. **सभाको बैधानिकता :**

यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडको दोश्रो बार्षिक साधारण सभा यस कम्पनीको संचालक समितिको मिति २०७५/०६/०५ गते बसेको संचालक समितिको ५६औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा ६७ तथा यस कम्पनीको नियमावलीको नियम १८ बमोजिम कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु भयो ।

२. **सभाको मिति, स्थान र समय :**

मितिः २०७५ आश्विन २७ गते शनिवार (तदनुसार २०१८ अक्टोबर १३)

समयः दिनको ११ बजे

स्थानः फल एण्ड ट्राउट भिलेज होटल एण्ड रेस्टुरेन्ट, ककनी, नुवाकोट

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार दोश्रो बार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा उपस्थितिका लागी शेयरधनीहरुलाई मिति २०७५।०६।०६ को अन्नपूर्ण पोष्ट दैनिक र मिति २०७५।०६।०८ को नयाँ पत्रिका दैनिकमा प्रकाशित गरिएको थियो । शेयरधनी महानुभावहरुलाई साधारण सभाको प्रकाशित सूचना सहितको पत्र इमेल मार्फत जानकारी गराइएको थियो । साथै साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुलाई वितरणको प्रबन्ध मिलाईएको थियो ।

## ४. छलफलका विषयहरुः

**(क) सामान्य प्रस्तावहरु :**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७४।७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्बन्धमा (हाल बहालवाला लेखापरीक्षक श्री के.जे. एण्ड एसोशिएट्स, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ) ।

४. संस्थाको रिक्त संचालक पदमा संचालक समितिबाट निर्णय भई नियुक्त हुनुभएका नयाँ संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।

५. संचालक समितिको निर्णय बमोजिम संस्थाको सर्वसाधारण समूहका लागि छुट्याइएको शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव पारित गर्न पेश गर्ने, साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

आशा

आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

**ख) विशेष प्रस्तावहरु:**

१. वित्तिय संस्थाको प्रवन्धपत्रमा आवश्यक संसोधन गर्ने सम्बन्धमा ।

२. वित्तिय संस्थाको प्रवन्धपत्रमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध:**

**५. उपस्थिति :**

(१) संचालक समितिका सदस्यहरु जम्मा ५ जना ।

(२) शेयरधनी महानुभावहरुको स्वयं उपस्थिति जम्मा १८ जना ।

(३) प्रोक्सी मार्फत उपस्थिति ४ जना गरी जम्मा उपस्थिति संख्या २२ जना ।

**५.१** कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार उपस्थित संचालकहरु :

१. श्री निर्गुण प्रसाद भट्टचन - अध्यक्ष
२. श्री प्रदीप कुमार खड्का - संचालक
३. श्री हेमन्त पौडेल - संचालक
४. सुश्री सुसन शेरचन - संचालक
५. सुश्री सुनिता तुलाधर - संचालक

**५.२. अन्य पदाधिकारीहरुको उपस्थिति** :

१. श्री बद्री प्रसाद दुलाल - प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव
२. श्री प्रमोद भट्टराई - प्रमुख, योजना तथा वित्त
४. श्री रबिन खतिवडा - प्रमुख, कर्जा तथा अनुगमन विभाग
५. श्री दिपेन्द्र खनाल - प्रमुख, सामान्य सेवा विभाग

**५.३ नियमनकारी निकायबाट भएको उपस्थिति: नभएको**

६. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम गणपूरक संख्या) :

| उपस्थिति | | शेयर संख्याको प्रतिनिधित्व गर्ने प्रतिशत |
|---|---|---|
| शेयरधनीहरुको कुल संख्या : ३९ | शेयरधनीहरु | |
| | १८ जना (४ जना संचालक समेत) स्वयं | |
| जम्मा शेयर संख्या: १४ लाख कित्ता* | प्रोक्सी ४ जनाको | ७३.४ प्रतिशत |
| | जम्मा उपस्थिति २२ जना | |

यस कम्पनीको दोश्रो बार्षिक साधारण सभामा यस कम्पनीको बार्षिक साधारण सभा गर्नको लागि आवश्यक गणपूरक संख्या यस कम्पनीको बाँडफाँड भएको शेयर कित्ताको कम्तीमा ५० प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयं वा आफ्नो (प्रोक्सी) प्रतिनिधिद्वारा उपस्थिति हुनु पर्ने प्रावधान यसै कम्पनीको नियमावलीको दफा २३ मा भएको व्यवस्था अनुसार कुल बाँडफाँड भएको शेयर कित्ता १४ लाख मा १० लाख २७ हजार ४० कित्ता शेयरको प्रतिनिधित्व हुने गरी

आशा लघुवित वितीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

जम्मा ३९ शेयरधनीहरु मध्ये १८ जना शेयरधनीहरुको स्वयं र ४ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) को माध्यमबाट उपस्थिति रहेको हुँदा सभा संचालनको लागि आवश्यक शेयर कित्ताको प्रतिनिधित्व र शेयरधनीहरुको संख्या उपस्थिति भएको थियो ।

७. **सभा संचालनको लागि बैधानिकताको यकिन :**

७.१. कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको नियमावली बमोजिम यो सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३(२) अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको दोश्रो बार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १८ रहेको र निजहरुले धारण गरेको कुल शेयर संख्याको ७३.४ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुरा भएको र प्रचलित कानून अनुसार सभा संचालन गर्न बैधानिक भएको जानकारी सभालाई गराई सभाका सभापतिको अनुमतिले दोश्रो बार्षिक साधारण सभाको कामकारवाही संचालन गराउनु भयो ।

७.२. यस कम्पनीको नियमावली, २०७२ को नियम १९ (१) बमोजिम भएको व्यवस्था बमोजिम सभाको अध्यक्षता संचालक समितिका अध्यक्षज्यूले गर्नु हुने कुरा कम्पनी सचिवले जानकारी गराएपछि विहानको ११:०० बजे अध्यक्ष श्री निर्गुण प्रसाद भट्टचनज्यूको अध्यक्षतामा वित्तीय संस्थाको दोश्रो बार्षिक साधारण सभा शुरु भयो ।

८. **बार्षिक साधारण सभाको प्रस्तुति :**

१. सभाका प्रमुख अतिथि संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेज्यूबाट पानसमा दिप प्रज्वलन गरी सभाको उद्घाट्न पश्चात सभाको काम कारवाही शुरु गरियो ।
२. संस्थाका कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत श्री बद्री प्रसाद दुलालज्यूले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै अध्यक्षज्यूको अनुमतिले साधारण सभाको कारवाही संचालन गर्नुभयो ।
३. अध्यक्षज्यूले संचालक समितिका तर्फबाट प्रस्तुत वार्षिक प्रतिवेदन वार्षिक साधारण सभा समक्ष पेश गर्नुभयो ।
४. त्यस पछि अध्यक्षज्यूले आ.व.२०७४/७५ को बासलात, नाफा/नोक्सान हिसाव, नगद प्रवाह विवरण समेत छलफलका लागी सभा समक्ष पेश गर्नुभयो ।

९. **छलफलका लागि आह्वान :**

९.१. वित्तीय संस्थाको आ.व. २०७४/७५ को प्रतिवेदन, २०७५ आषाढ मसान्त सम्मको बासलात, सोही मितिमा समाप्त आ.व. २०७४/७५ को नाफा/नोक्सान हिसाव तथा नगद प्रवाह विवरण उपर मन्तव्य प्रकट गर्न, सो सम्वन्धमा कुनै जिज्ञासा वा सुझाव भए जानकारी गराउन तथा छलफलका बिषयसूची अनुसार छलफल गरी निर्णय गर्न अध्यक्षज्यूले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात देहायका शेयरधनीहरुले छलफलको क्रममा देहाय अनुसार जिज्ञासा एवं सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९.२. **छलफलमा सहभागी भई जिज्ञासा एवं सुझाव सहितको मन्तव्य राख्नु हुने शेयरधनी महानुभावहरु :**

१. श्री रामेश्वर सापकोटा
२. श्री राजेन्द्र वस्ती
३. श्री ध्रुवचन्द्र धिताल

आशा
आशा लघुवित वितीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

११. **छलफलमा सहभागी हुनु भएका शेयरधनीहरुको विचारको प्रस्तुतीकरण :**

१. श्री रामेश्वर सापकोटा :

बार्षिक प्रतिवेदनमा उल्लेख भए अनुसार खराब कर्जाको दर गत वर्षको भन्दा उल्लेख्य अनुपातमा वृद्धि भएको हुँदा यसतर्फ ध्यान दिनुपर्ने देखिन्छ । विशेष गरी व्यवस्थापनले सदस्य, लगानीकर्ता तथा कर्मचारीहरु तीनै पक्षलाई उचित प्रतिफल दिनसक्ने गरी कार्य गर्नुपर्ने देखिन्छ ।

२. श्री राजेन्द्र वस्ती :

लघुवित्त क्षेत्रमा हाल देखिएको अवस्थालाई दृष्टिगत गर्दा संस्थाले खराब कर्जा न्यूनीकरण गर्न शाखा विस्तार गरी लगानीमा अक्रामकता नदेखाई असूली तर्फ विशेष जोड दिनुपर्ने देखिन्छ । यसले गर्दा संस्थाको लगानी सुरक्षित भई लगानीकर्ताहरुलाई चाँडो प्रतिफल दिनसक्ने अवस्था आउँछ ।

३. श्री ध्रुवचन्द्र धिताल :

संस्थाको व्यवस्थापनले कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिलाई विशेष ध्यान दिई संख्यात्मक भन्दा गुणात्मक व्यवसाय वृद्धिलाई विशेष प्राथमिकता दिनुपर्ने देखिन्छ । संस्थाको व्यवसाय वृद्धि उल्लेखनीय देखिएपनि मुनाफा आर्जन सोहि अनुपातमा नभएको हुँदा चुस्त व्यवस्थापनलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

१२. **सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

बार्षिक प्रतिवेदन उपर वक्ता शेयरधनीहरुले देखाउनु भएको कमी, कमजोरी उपर अध्यक्षज्यूले धन्यवाद दिँदै उक्त कमी कमजोरीहरुलाई मध्यनजर गर्दै आगामी दिनमा सुधार गर्दै लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो । खराब कर्जालाई न्यून गर्न असूली कार्यलाई विशेष योजनाका साथ संचालन गर्ने जानकारी दिनुभयो । लगानीकर्ताहरुलाई शिघ्र प्रतिफल प्रदान गर्नका निम्ति संस्थाले विभिन्न संचालन खर्चहरुलाई न्यूनिकरण गरिरहेको छ । कर्मचारीहरुको वृत्ति विकास तथा क्षमता अभिवृद्धिका निम्ति तालिमहरुमा सहभागी गराउने योजना रहेको छ । संस्थाले स्थापना गरेका शाखा कार्यालयहरु पनि ज्यादै न्यून खर्चमा स्थापना गरेको तथ्यलाई समेत अध्यक्षज्यूले स्मरण गर्नुभयो । अध्यक्षज्यूले चालू आर्थिक वर्षमा लगानीकर्ताहरुलाई प्रतिफल प्रदान गर्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

१३. **बार्षिक साधारण सभाको निर्णय** :

(क) **सामान्य प्रस्तावहरुमा भएका निर्णयहरु :**

१. **संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुभएको आ.व. २०७४।७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

संचालक समितिको तर्फबाट अध्यक्षज्यूले दोश्रो बार्षिक साधारण सभामा प्रस्तुत गर्नु भएको आ.व. २०७४/७५ को संचालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल पश्चात पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

२. **लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ आसाढ मसान्त सम्मको वासलात तथा आ.व. २०७४।७५ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।**

लेखापरिक्षकको आ.व.२०७४/७५ को लेखापरीक्षण प्रतिवेदन सहित २०७५ आषाढ मसान्तसम्मको वासलात, नाफा-नोक्सान हिसाव, नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह लगायत सो सँग सम्बन्धित सम्पूर्ण अनूसुचीहरु सहितको वित्तीय बिवरण पारित गर्न अध्यक्षज्यूले निर्णयार्थ सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो ।

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

३. **कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस बमोजिम बाह्य लेखा परीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तथा सेवा सुविधाको शर्त निर्धारण गर्ने सम्बन्धमा ।**

कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७५/७६ का लागी लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस् भनी अध्यक्षज्यूले यस साधारण सभा समक्ष निर्णयार्थ प्रस्ताव पेश गर्नुभएकोमा संस्थाको लेखापरीक्षण समितिको मिति २०७५ आश्विन ५ गते बसेको नवौं बैठकले गरेको सिफारिस बमोजिम हाल बहालवाला के.जे. एण्ड एशोसिएट्सलाई बाह्य लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको लेखापरीक्षण तथा कर परीक्षण बापत पारिश्रमिक कर बाहेक रु. १,३५,०००।- (रुपैयाँ एक लाख पैतिस हजार मात्र) निर्धारण गर्ने र अन्य खर्चहरु लेखापरीक्षण समितिको सिफारिस बमोजिम हुनेगरी पारित गर्ने सर्वसम्मतबाट निर्णय गरियो ।

४. **संस्थाको रिक्त संचालक पदमा संचालक समितिबाट निर्णय भई नियुक्त हुनुभएका नयाँ संचालकको नियुक्ति अनुमोदन गर्ने सम्बन्धमा ।**

संस्थाको रिक्त संचालक पदमा संचालक समितिको २०७५ जेष्ठ ८ गते बसेको ५०औं बैठकबाट निर्णय भई सुश्री सुसन शेरचनलाई बाँकी कार्यकालका निम्ति संचालक नियुक्त गरिएकोमा सो नियुक्ति अनुमोदन गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो । साथै संचालक समितिको २०७५ आश्विन ५ गते बसेको ५६ औं बैठकको निर्णयानुसार चार्टर्ड एकाउन्टेन्ट सुश्री सुनिता तुलाधरलाई स्वतन्त्र संचालक नियुक्त गर्ने निर्णय गरिएको समेत जानकारी गरियो ।

५. **संचालक समितिको निर्णय बमोजिम संस्थाको सर्वसाधारण समूहका लागि छुट्याइएको शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव पारित गर्न पेश गर्ने, साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

संचालक समितिको निर्णय बमोजिम अध्यक्षज्यूले संस्थाको सर्वसाधारण समूहका लागि छुट्याइएको शेयर सर्वसाधारण समक्ष निष्काशन (Initial Public Offering) गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ पेश गर्नुभएको हुँदा यस प्रस्तावलाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो साथै सर्वसाधारण समक्ष शेयर निष्काशन (Initial Public Offering) गर्दा आवश्यक पर्ने सम्पूर्ण कार्यहरु गर्नका निम्ति संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

**ख) विशेष प्रस्तावहरुमा भएका निर्णयहरु :**

१) **वित्तीय संस्थाको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धमा ।**

(क) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचना परिवर्तन गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(क)मा उल्लेख गरिएको "वित्तीय संस्थाको अधिकृत पूँजी रु.२०,००,००,०००।- (बीस करोड) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले २०,००,०००।- (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाको अधिकृत पूँजी रु. ३०,००,००,०००।- (तीस करोड) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले ३०,००,०००।- (तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

आशा
आशा लघुवित वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचना परिवर्तन गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(ख)मा उल्लेख गरिएको "वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. २०,००,००,०००।- (बीस करोड) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले २०,००,०००।- (बीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु.२०,७४,००,०००।- (रु. बीस करोड चौहत्तर लाख) हुनेछ । सो पूँजीलाई रु. १०० का दरले २०,७४,००० (बीस लाख चौहत्तर हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(ग) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम पूँजी संरचना परिवर्तन गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(घ)मा उल्लेख गरिएको "वित्तीय संस्थाले जारी पूँजीको ३० प्रतिशतले हुने रु. ६,००,००,०००।- (छ करोड) साधारण शेयर सर्वसाधारणलाई विक्रीका लागी छुट्याएको छ ।" भन्ने व्यवस्थालाई संशोधन गरी "**वित्तीय संस्थाले जारी पूँजीको ३२.५० प्रतिशतले हुने रु.६,७४,००,०००।- ( छ करोड चौहत्तर लाख) साधारण शेयर सर्वसाधारणलाई विक्रीको लागी छुट्याएको छ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(च) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(१) बमोजिम कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई जारी गर्नुपर्ने व्यवस्था भएकोले प्रबन्धपत्रको दफा ६(ङ)मा उल्लेख गरिएको "संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र सो समूहको स्वामित्व ७० प्रतिशत हुनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र सो समूहको स्वामित्व ६७.५ प्रतिशत हुनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

(छ) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ९(३) बमोजिम व्यवस्था गर्नुपर्ने भएकोले प्रबन्धपत्रको दफा ६(च)मा उल्लेख गरिएको "सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा बर्गीकरण गरी यो समूहको शेयर स्वामित्व ३० प्रतिशत हुनेछ । यस समूहको कुल शेयर मध्येबाट ५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।" भन्ने व्यवस्थालाई संशोधन गरी **"सर्वसाधारणमा बिक्री गरिने शेयर खरीद गर्ने शेयरधनीलाई समूह "ख" मा बर्गीकरण गरी यो समूहको शेयर स्वामित्व ३२.५० प्रतिशत हुनेछ । यस समूहको कुल शेयर मध्येबाट जारी पुँजिको ०.५ प्रतिशतसम्म शेयर वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बाँडफाँड गर्न सकिनेछ ।"** उल्लेख गर्ने निर्णय गरियो ।

**२) वित्तिय संस्थाको प्रवन्धपत्रमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।**

वित्तीय संस्थाको प्रवन्धपत्रमा संसोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन गरेमा सोहि बमोजिम गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

(ग) <u>विविध</u> :

यस शिर्षक अन्तर्गत छलफल गरी निर्णय गरिरहनु पर्ने कुनै थप प्रस्तावहरु नभएको हुँदा यस विविध शिर्षक माथि छलफल नभएको निर्णय गरियो ।

प्रमुख अतिथिका रुपमा मन्तव्य व्यक्त गर्नुहुँदै संस्थापक अध्यक्ष श्री राम बहादुर पाण्डेले संस्थाले छोटो समयमा उल्लेखनीय रुपमा व्यवसाय विस्तार गरेकोमा व्यवस्थापनलाई धन्यवाद दिनुभयो । वहाँले अब गुणस्तरीयतामा ध्यान

आशा
आशा लघुवित्त वित्तीय संस्था लि.
केन्द्रीय कार्यालय, ककनी-६, नुवाकोट

दिनुपर्ने समय आएको सुझाव दिनुभयो । वहाँले संस्थाको व्यवसायिक दायरालाई फराकिलो बनाउन रेमिट्यान्स तथा बीमा सम्बन्धी कार्यलाई समेत अगाडी बढाउन व्यवस्थापनलाई निर्देशन दिनुभयो ।

**धन्यवाद ज्ञापन तथा सभा विसर्जन :**

यस दोश्रो वार्षिक साधारण सभाको सूचनामा तोकिए बमोजिमका प्रस्तावहरु माथि छलफल तथा निर्णयको क्रम समाप्त भएको हुँदा अध्यक्षज्यूले शेयरधनी महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय सहभागीताका साथै प्राप्त मार्गदर्शन महत्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो । आफ्नो अमूल्य समय दिई उपस्थित हुनुभएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुमा धन्यवाद ज्ञापन गर्नुभयो । वित्तीय संस्था संचालनमा महत्वपूर्ण सहयोग गर्नुहुने कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, सम्पूर्ण नियमनकारी निकायहरु तथा ब्यवस्थापन समिति लगायत सम्पूर्णमा हार्दिक आभार व्यक्त गर्नुभयो । साथै नजिकिँदै गरेको बडादशैं, दिपावली तथा छठ पर्वका अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरुमा शुभकामना व्यक्त गर्दै सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| ............ | ............ |
| बद्री प्रसाद दुलाल | निर्गुण प्रसाद भट्टचन |
| कम्पनी सचिव | अध्यक्ष |

संस्थाको छाप : आशा — आशा लघुवित्त वितीय संस्था लि. केन्द्रीय कार्यालय, ककनी-६ नुवाकोट

मिति : २०७५ आश्विन २७ गते शनिवार